

भूउपयोगको गुरुयोजना

◆ डा. ठाकुरप्रसाद भट्ट

जि.प्र.का.झापा द.नं.६१। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

पूर्वसन्देश

PURBA SANDESH DAILY

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ।

दमक-६, झापा

फाल्गुनन्द चौक

फोन: ०२३-५७४४०९





महिला हिंसा अन्त्य गरौं

- महिला माथि हुने सबै प्रकारको हिंसा कानुनी अपराध हो,
- कुनै प्रकारको हिंसा भएमा उजागर गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- सहयोगका लागि महिला हेल्पलाइन नं. १७४५ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।



नेपाल सरकार

विज्ञापन बोर्ड



❑ वर्ष-२१ ❑ अंक - २८५ ❑ २०८३ मङ्सिर ०३ गते बिहीबार ❑ Thursday, 19 Nov. 2026 ❑ मूल्य ७ /-

सात वर्षदेखि जग्गा रोक्का

न मुआब्जा न फुकुवा

पूर्वसन्देश समाचार

दमक/ प्रस्तावित पूर्व-पश्चिम विद्युतीय रेलमार्गबाट प्रभावित जग्गाधनीले सात वर्षदेखि रोक्का रहेको जग्गाको न मुआब्जा पाएका छन् नत फुकुवा नै भएको छ। लामो समय भएको भन्दै जग्गाधनी हरुले तत्काल प्रचलित बजार मूल्यअनुसार मुआब्जा दिन वा जग्गा फुकुवा गर्न माग गरेका हुन्।

सरकारले झापाको काँकडभिट्टादेखि सुनसरीको इनरुवासम्म १२६ दशमलव ७५ किलोमिटर विद्युतीय रेलमार्ग निर्माणका लागि २०७७ जेठ २४ र २७ गते सूचना जारी गर्दै सम्बन्धित मालपोत कार्यालयमार्फत जग्गाको हक हस्तान्तरण रोक्का गरेको थियो। तर, त्यसयता रेलमार्ग निर्माणको काम अघि नबढेको भन्दै प्रभावितले लामो समयदेखि रोक्का जग्गाका कारण समस्या भोग्दै आएको बताएका छन्।

रेल्वे प्रभावित तथा मुआब्जा निर्धारण समन्वय समिति कोशी प्रदेशका महासचिव रञ्जित प्रसाईंले सात वर्ष बितिसक्दा पनि सरकारले मुआब्जा नदिएको र जग्गा फुकुवासमेत नगरेको बताए। 'मुआब्जा दिने हो भने तत्काल प्रचलित बजार मूल्यअनुसार दिनुपर्छ, नदिने हो भने रोक्का जग्गा फुकुवा गर्नुपर्छ,' उनले भने।

उनका अनुसार झापा, मोरङ र सुनसरीका चार हजारभन्दा बढी घरधुरीका ५ हजार ४ सय २४ कित्ता जग्गा रोक्का छन्। यसमध्ये झापाका २ हजार ४ सय ५७, मोरङका १ हजार ६ सय ३८ र सुनसरीका १ हजार ३ सय २९ कित्ता जग्गा रहेका छन्। रेलमार्गका लागि रोक्का गरिएको क्षेत्रमा ५ सय १२ दशमलव ६९ हेक्टर खेतीयोग्य जमिन, ५३ दशमलव ६१ हेक्टर नदी तथा जलक्षेत्र, ३३ हेक्टर आवासीय क्षेत्र, १९ दशमलव ६ हेक्टर वनजंगल र १६ दशमलव ८६ हेक्टर सडक क्षेत्र परेको प्रसाईंले बताए।

रेल विभागले रेलमार्गको रेखांकनका लागि रोक्का जग्गामा ठाउँ-ठाउँमा पक्की पिलर गाडेकाले खेतीपाती गर्नसमेत कठिन भएको प्रभावितको भनाइ छ। लामो समयसम्म जग्गा रोक्का हुँदा आफ्नै सम्पत्ति प्रयोग र कारोबार गर्न नपाउँदा जीविकोपार्जनमा समस्या परेको उनीहरूले बताएका छन्। रेल्वे प्रभावित तथा मुआब्जा निर्धारण समन्वय समिति कोशी प्रदेशका सचिव ज्ञानेन्द्र निरौलाका अनुसार रोक्का जग्गा बिक्री, अंशबन्डा, दाइजो तथा बकसपत्र, बैंक तथा वित्तीय कारोबार र अन्य कुनै प्रकारको स्वामित्व हस्तान्तरण गर्न पाइँदैन।

यसका कारण परिवारको शिक्षा, स्वास्थ्य, विवाह, काजकिरियालगायत अत्यावश्यक कामका लागि रकम व्यवस्थापन गर्नसमेत समस्या भएको उनले बताए। 'सरकारले पटक-पटक ध्यानाकर्षण गराउँदा पनि समस्या समाधान भएको छैन,' निरौलाले भने,'मुआब्जा दिने हो भने चलनचल्तीको

बाँकी ४ पेजमा ▸▸

प्रधानमन्त्री राहत कोषमा साढे १८ अर्ब

दमक/ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार सरकारले सञ्चालन गरेका प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग संकलन भइरहेको छ। कार्यालयका अनुसार कोषका विभिन्न खातामा विहिबार बिहान ९:०० बजेसम्म मौज्दात रकम रू १८ अर्ब ४७ करोड आठ लाख ७२ हजार ३९५ पुगेको छ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा वाणिज्य बैंकमा मैज्दात रू १३ अर्ब ७३ करोड छ लाख ७७ हजार ४३० र हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेका डलर खातामा तीन करोड ५७ लाख ५७ हजार ९७२ अमेरिकी डलर पुगेको छ।

१ लाख ५० हजार महिला बेचबिखन र हिंसाको शिकार

दमक/ वैदेशिक रोजगारीको नाममा महिलाहरु मानव बेचबिखन तथा विभिन्न प्रकारका हिंसाको सिकार भइरहेको तथ्य सार्वजनिक भएको छ। माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोईरालाले नेपालमा मुख्यतः तीन प्रकारबाट मानव बेचबिखन भइरहेको बताइन्। खुला सीमाबाट भारतमा लगेर गरिने बेचबिखन, स्वदेशमै नाबालिक बालबालिका माथि हुने शोषण र यौन हिंसा तथा वैदेशिक रोजगारीका नाममा हुने हिंसा तथा शोषण प्रमुख समस्याका रुपमा रहेको उनको भनाइ छ।

राष्ट्रिय महिला आयोगकी सदस्य कृष्णकुमारी पौडेल खतिवडाले वैदेशिक रोजगारीका नाममा विदेशमा अनुमानित एक लाख ५० हजार महिलाहरु हिंसामा परेको दावी गरिन्। उनले आयोगले ७७ वटै जिल्लाका खुला सीमा नाकाको अनुगमन गर्दा मानव बेचबिखन नियन्त्रणका नाममा काम गर्ने केही संस्थाबाटै गैरकानूनी गतिविधि भइरहेको पाइएको समेत बताइन्।

नेपाल प्रहरीकी अवकाशप्राप्त अतिरिक्त महानिरीक्षक (एआईजी) मिरा चौधरीले मानव बेचबिखनलाई आन्तरिक र अन्तर्राष्ट्रिय गरी छ्याछ्यै रूपमा विश्लेषण गरी सोहीअनुसार नीतिगत व्यवस्था गर्नुपर्नेमा जोड दिइन्।

दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय दमक झापाको

नदी /खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री गर्ने कार्यको ठेक्का बन्दोबस्ती सम्बन्धी बोलपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८३।०८।०३

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ(६) र दफा ६२(क) बमोजिम सूचनामा उल्लेखित पालिकाहरूको चुरे तथा वन क्षेत्र बाहेकका I.E.E.प्रतिवेदनमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् संकलन गरी कोशी प्रदेशको आर्थिक ऐन, २०८३ अनुसूची ६ ले तोकेको दरमा बिक्री गर्ने गरी तपसिल बमोजिमको नदि/खोलाबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपसिल बमोजिम शर्तको अधिनमा रही विधुतीय बोलपत्र दमक नगर कार्यपालिकाको कार्यलयमा पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ।

तपसिल

सि न.	ठेक्का नं.	बोलपत्रको नाम	उत्खनन् हुने क्षेत्र	उत्खनन् योग्य परिमाण	न्युनतम ठेक्का अंक रु.(भ्याट बाहेक)	धरौटी रकम	बोलपत्र फारम दस्तुर रु.
१.	DMO/JHAPA/RV R/DK-RTWA/27/83/824	रतुवा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्रीको शुल्क अशुली सम्बन्धि कार्य	**दमक नगरपालिका र कमल गाउँ पालिका**को सिमानामा पर्ने रतुवा खोलाको तोकिएका संयुक्त नाकाबाट	३४८०० घन मिटर	१,०५,९७१४९।००	कबोल गरेको रकमको ५%	३,०००।-
२.	DMO/JHAPA/RV R/DK-RTWA/28/83/84	रतुवा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्रीको शुल्क अशुली सम्बन्धि कार्य	**दमक नगरपालिका र चुलाचुली गाउँ पालिका**को सिमानामा पर्ने रतुवा खोलाको तोकिएका संयुक्त नाकाबाट	१६००० घन मिटर	५३,११,३७६।००	कबोल गरेको रकमको ५%	३,०००।-
३.	DMO/JHAPA/RV R/DK-MAW0/29/83/84	मावा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्रीको शुल्क अशुली सम्बन्धि कार्य	**दमक नगरपालिका र मिक्लाजुङ. गाउ पालिका**को सिमानामा पर्ने मावा खोलाको तोकिएका संयुक्त नाकाबाट।	३६४५० घन मिटर	१,२४,८६,१४८।००	कबोल गरेको रकमको ५%	३,०००।-
४.	DMO/JHAPA/RV R/DK-MAW0/30/83/84	मावा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्रीको शुल्क अशुली सम्बन्धि कार्य	**दमक नगरपालिका र उर्लाबारी नगर पालिका**को सिमानामा पर्ने मावा खोलाको तोकिएका संयुक्त नाकाबाट	२६००० घन मिटर	८६,३०,९८६।	कबोल गरेको रकमको ५%	३,०००।-

●बोलपत्रका लागि देहायका शर्तहरू हुनेछन्, ईच्छुक बोलपत्रदाताले BoQ भरी शर्तहरूमा उल्लेख भए बमोजिम पेश गर्नुपर्नेछ।

शर्तहरु : १.प्रति बोलपत्र फारम दस्तुर रकम रु ३,०००।०० (अक्षरेपी तीन हजार रुपैँया) देहायको खातामा जम्मा गर्न सकिनेछ। जम्मा गरेको राजस्व भौचर र धरौटी बापतको रकम वा बैंक ग्यारेन्टीको Scan copy बोलपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ। बोलपत्र फारम र सो सँग सम्बन्धित कागजातहरु www.damakmun.gov.np मार्फत डाउनलोड गर्न सकिने छ। बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम निम्नानुसार बुझाउनु पर्नेछ।

क्र. स.	कार्यालय / कोड नं.	बैंकको नाम	बोलपत्र फारम दस्तुरका लागि राजस्व दाखिला गर्ने खाता नं.	धरौटी खाता नं.
क	दमक नगरपालिका	राष्ट्रिय वाणिज्य बैंक लिमिटेड	२१४०१००३०१०१०००२	२१४०१००३०३०००००२

नोट : कबोल अंकको ५ प्रतिशत धरौटी दमक नगरपालिकाको क्र.स. (क) मा तोकिएको धरौटी खाता वा दमक नगर पालिकाको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

१० लाख बढीका भन्सार छलीका सामान नियन्त्रणमा

मोरङ/ मोरङका विभिन्न सीमावर्ती क्षेत्रबाट सशस्त्र प्रहरीले १० लाख ३० हजार ४५० रूपैयाँ मूल्यका भन्सार छलीका सामान नियन्त्रणमा लिएको छ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर ३ गण हेडक्वार्टर कंकालिनी र मातहतको सीमा सुरक्षा गुल्म रानीबाट खटिएको टोलीले मंसिर १ गते जिल्लाका विभिन्न नाकामा जाँच गर्ने क्रममा ती सामान बरामद गरेको हो।

भारतबाट अवैध रूपमा नेपाल भित्र्याउँदै गरेको अवस्थामा एउटा मोटरसाइकल र एउटा स्कुटर फेला परेको सशस्त्र प्रहरीले जनाएको छ। भन्सार प्रक्रिया पूरा नगरी प्रयोग भइरहेको एउटा भारतीय विद्युतीय स्कुटरसमेत नियन्त्रणमा लिइएको छ।

त्यसैगरी, टोलीले मोटरपार्ट्स, खुर्सानी, धागो र चाइनिज नास्पाती पनि बरामद गरेको छ। बरामद सबै सामानको भन्सार मूल्यांकन गर्दा १० लाख ३० हजार ४५० रूपैयाँ बराबर भएको जनाइएको छ।

सशस्त्र प्रहरीले नियन्त्रणमा लिइएका सामान आवश्यक कारबाहीका लागि विराटनगर भन्सार कार्यालयमा बुझाएको छ।

पौडेलले दिए चार विपन्न परिवारलाई खाद्यान्न

दमक/ झापा, कमल गाउँपालिका-६ निवासी भीम पौडेलले आफ्नो जन्मदिनको अवसर पारेर सोही क्षेत्रका चार विपन्न तथा समस्यामा परेका परिवारलाई खाद्यान्न सामग्री सहयोग गरेका हुन्। युवा व्यक्तित्व पौडेल शहीदमार्ग टोल विकास समितिका अध्यक्ष, लायन्स क्लब लगायतका सामाजिक संघसंस्थाहरुमा आवद्ध रहँदै आएका छन्।

पौडेलले त्यहाँका एकल महिला सिजा दर्नालसहित चुङके मुर्मु, राम ग्वाल र अमन यादवको परिवारलाई चामल, नुन, तेललगायतका दैनिक उपभोग्य खाद्यान्न

बाँकी ४ पेजमा ▸▸

बराह सहकारीका अध्यक्ष पक्राउ

धरान/ धरानको बराह बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष शिवकुमार विश्वकर्मा पक्राउ परेका छन्। बचतकर्ताको बचत हिनामिना गरेर लामो समयदेखि फरार रहँदै आएका उनलाई सिआइवीको टोलीले पक्राउ गरेको हो। यसबारे गृहमन्त्री सुदन गुरुङले पनि पुष्टि गर्दै सामाजिक सञ्जालमार्फत जानकारी दिएका छन्।

उनले एक वर्षअघि धरानमा सेम घोपा अभियान सञ्चालनको क्रममा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको बेथिति विरुद्ध बोल्दा सुनिएका पूर्वका बचतकर्ताहरुको त्यो पीडाले आफूलाई सधैं झकझकाइर हेको उल्लेख गरेका छन्। गृहमन्त्रीको जिम्मेवारी सम्हालेकै दिनदेखि डे वानबाटै पूर्वका

बाँकी ४ पेजमा ▸▸

ताप्लेजुङमा मनाइयो चासोक तङनाम

ताप्लेजुङ / पूर्वी नेपालमा लिम्बू समुदायको न्वागी पूजा अर्थात् चासोक तङनाम सुरू भएको छ। पाकेको नयाँ अन्नबाली प्रकृतिलाई चढाएपछि मात्रै खाने परम्पराअनुसार लिम्बू किरात समुदायले सामूहिक तथा व्यक्तिगत रूपमा यो पर्व मनाउन थालेका हुन्।

याक्थुङ चुम्लुङ र युमा साम्यो महासभा ताप्लेजुङले हरेक वर्ष मंसिर १ गते संयुक्त रूपमा चासोक तङनाम मनाउँदै आएका छन्। मंगलबार सदरमुकाम फुङलिङमा न्यालीसहित नगर परिक्रमा गरी शुभकामना आदानप्रदान गरेर पर्व मनाइएको छ।

यस अवसरमा धान नाच, च्याब्रुङ नाच (यालाङ केलाङ), हाक्पारे, ख्याली, तुहा ताम्के, यबा साम्बा लाङ, भाँकी प्रदर्शन तथा विभिन्न जातजातिका नृत्यलगायत सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो।

याक्थुङ चुम्लुङका सचिव इन्द्रबहादुर पालुङ्वाका अनुसार मंगलबार बिहान धान, कोदो लगायतका अन्नबाली सामूहिक रूपमा प्रकृतिलाई चढाइएको छ। फेदाङबाहरूले मन्त्रोच्चारण र विधिअनुसार प्रकृतिको पूजा गरी नयाँ पाकेको अन्नबाली चढाएको उनले बताए।

युमा साम्यो महासभाका अध्यक्ष भुवानीप्रसाद लिम्बूका अनुसार अन्नबाली भित्र्याइसकिएको र कतिपयले खानसमेत थालिसक्ने भएकाले मंसिर १ गते नै चासोक मनाउन

बाँकी ४ पेजमा ▸▸

सम्पादकीय

क्रिकेटको उत्सव र नेपाली खेलकुदको भविष्य

चाडपर्वको उल्लास सकिएसँगै यतिबेला नेपाली समाज क्रिकेटमय बनेको छ । दसैं र तिहारको भेटघाट, रमाइलो र पारिवारिक जमघटपछि नेपालीको ध्यान नेपाल प्रिमियर लिग (एनपीएल) तर्फ केन्द्रित भएको छ । कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा जारी एनपीएलको तेस्रो संस्करण अब निर्णायक चरणमा प्रवेश गरेको छ । आठ टोलीबीचको लिग चरणका खेल सकिएका छन् भने उपाधि होडमा चार टोलीले स्थान बनाएका छन् । यसले नेपाली क्रिकेटप्रतिको आकर्षण र सम्भावनालाई थप उजागर गरेको छ ।

लिग चरणको नतिजाले लुम्बिनी लायन्सलाई सबैभन्दा बलियो टोलीका रूपमा उभ्याएको छ । सात खेलबाट पाँच जित र एक खेलमा नतिजाविहीन हुँदै ११ अंक जोडेको लुम्बिनी अंकतालिकाको शीर्ष स्थानमा रह्यो । सुदूरपश्चिम रोयल्स पाँच जितसहित १० अंक जोडेर दोस्रो भयो । काठमाडौं गोर्खाज चार जितबाट आठ अंकसहित तेस्रो र चितवन राइनोज तीन जित तथा एक खेलमा नतिजाविहीन हुँदै सात अंकसहित चौथो स्थानमा रहे । विराटनगर किङ्स र कर्णाली याक्सले समान छ अंक जोडे पनि नेट रनरेटका आधारमा प्लेअफमा पुग्न सकेनन् । पोखरा एभेन्जर्स र जनकपुर बोल्ट्सको यात्रा लिग चरणमै टुंगियो ।

प्रतियोगिताको पहिलो क्वालिफायरमा लुम्बिनी लायन्सले सुदूरपश्चिम रोयल्समाथि ६ विकेटले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरिसकेको छ । सुदूरपश्चिमले प्रस्तुत गरेको १०६ रनको लक्ष्य लुम्बिनीले १६.४ ओभरमा चार विकेट गुमाएर पूरा गऱ्यो । लुम्बिनीका निरोशन डिकवेलाले अविजित ५८ रन बनाए । अब आज हुने इलिमिनेटरमा काठमाडौं गोर्खाज र चितवन राइनोजबीच प्रतिस्पर्धा हुँदैछ । त्यसको विजेताले बिहीबार सुदूरपश्चिमसँग दोस्रो क्वालिफायर खेल्नेछ । फाइनल भने मङ्सिर ६ गते हुनेछ ।

यस संस्करणमा लिग चरणका खेलहरूले दर्शकलाई धुप्रै रोमाञ्चक क्षण दिएका छन् । पोखरा एभेन्जर्सले काठमाडौं गोर्खाजविरुद्ध २० ओभरमा तीन विकेट गुमाएर २२४ रन बनाउँदै प्रतियोगिताकै आकर्षक ब्याटिङ प्रदर्शनमध्ये एक प्रस्तुत गऱ्यो । कर्णाली याक्सले चितवन राइनोजलाई २४ रनले हराएको खेल पनि प्रतिस्पर्धात्मक रह्यो । यस्ता नतिजाले नेपाली क्रिकेटमा ब्याटिङ र बलिङ दुवै पक्षको स्तर सुधार हुँदै गएको संकेत गर्छन् ।

एनपीएलको सबैभन्दा सकारात्मक पक्ष नेपाली खेलाडीले पाएको अवसर हो । विदेशी खेलाडीको अनुभव र नेपाली खेलाडीको प्रतिभाबीचको प्रतिस्पर्धाले खेलको स्तर बढाउन मद्दत गरेको छ । तर विदेशी खेलाडीको आकर्षण र उनीहरूले बनाएका रन तथा लिएका विकेटभन्दा नेपाली खेलाडीले के सिके र कति क्षमता विकास गरे भन्ने विषय महत्वपूर्ण हो । एनपीएलले नेपाली क्रिकेटमा नयाँ प्रतिभा जन्माउने, खेलाडीको आत्मविश्वास बढाउने र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने वातावरण बनाउनुपर्छ ।

क्रिकेटप्रतिको बढ्दो आकर्षणलाई ब्यावसायिक अवसरमा बदल्नु पनि आवश्यक छ । प्रतियोगितामा निजी क्षेत्रको लगानी, प्रायोजन, विज्ञापन र दर्शकको सहभागितालेखेलकुद अर्थतन्त्रको सम्भावना देखाएको छ । तर यसको आम्दानी खेलाडीको सुविधा, प्रशिक्षण, पूर्वाधार र तल्लो तहको क्रिकेट विकासमा समेत लगानी हुनुपर्छ । एउटा प्रतियोगिता सफल हुनु मात्रै क्रिकेटको दीर्घकालीन विकास होइन ।

अहिले देश क्रिकेटमय बनेको छ । खेलको यही लोकप्रियतालाई क्रिकेट मैदानको सीमाभन्दा बाहिर विद्यालय, गाउं र समुदायसम्म पुऱ्याउन सक्नुपर्छ । खेलाडी उत्पादन, प्रशिक्षकको क्षमता विकास, स्तरीय मैदान र नियमित घरेलु प्रतियोगितामा ध्यान दिनुपर्छ । दर्शकको उत्साहलाई संस्थागत विकासमा बदल्न सके मात्रै एनपीएलको सार्थकता रहन्छ ।

एनपीएलको उपाधि कसले जित्छ भन्ने कौतूहल अहिले सबैमा छ । तर उपाधिभन्दा तूलो उपलब्धि नेपाली क्रिकेटप्रति बढेको जनविश्वास हो । चाडपर्वपछि क्रिकेटले नेपाली समाजलाई फेरि एउटा साझा उत्सवमा जोडेको छ । यो उत्सव फाइनलसँगै सकिनु हुँदैन । नेपाली क्रिकेटको विकास र अन्तर्राष्ट्रिय पहिचान निर्माणको अभियान निरन्तर अघि बढ्नुपर्छ । एनपीएलको वास्तविक सफलता ट्रफी उचाल्ने टोलीमा मात्र होइन, यसले नेपाली क्रिकेटको भविष्य कति बलियो बनाउँछ भन्नेमा निर्भर रहनेछ ।

भूउपयोगको गुरुयोजना



◆ डा. ठाकुरप्रसाद भट्ट

भौतिक पूर्वाधारका योजनाहरु निर्माण गर्दा ती योजनाहरुले कस्तो आर्थिक र सामाजिक लाभका अवसर र आधार सिर्जना गर्न सक्छन् भनेर पर्याप्त अध्ययन हुन सकिरहेको छैन । यस्तो हुँदो हो त हाम्रा गाउँहरुमा सडक, पानी र बिजुली पुग्दा पनि ती किन खाली भइरहेका छन् ? किन हाम्रा उर्वर जग्गाहरुमा घरहरु बनेर कृषिभूमि नाश भइरहेको छ र कृषि व्यवसाय ओरालो लागिरहेको छ ? यस्ता प्रश्न उठिरहेका छन् ।

दसकौंको विकासको चाहना र प्रयासपछि पनि हामी 'के नेपालको विकास सम्भव छ ?' भन्ने जस्ता सवालमा घोलिन्न बाध्य भइरहेका छौं । यो आफैंमा एउटा दुःखद अवस्था हो । त्यसो त विकास स्वयम् जटिल र बहुआयामिक विषय हो; यो त्यति सजिलो र छोटो समयमा हासिल गर्न सकिने विषय पनि होइन । तर पनि हाम्रो जस्तो स्रोतसाधनले धनी मानिने देशमा विकासले एउटा भरपर्दो लयसमेत समाल्न नसकेको अवस्था रहनु विडम्बनायुक्त विषय हो ।

विकासको सपना देखेर वा यसको हुटहुटी भएर मात्र कुनै पनि देशले अपेक्षित विकास हासिल गर्न सम्भव हुँदैन । यस्तो सोचले विकासलाई खण्ड खण्डमा वा कुनै विशेष क्षेत्रमा हुने विकासलाई मात्र ध्यान दिने गर्छ । यसबाट समग्रतामा विकासको ढाँचा निर्माण गरी एउटा लयमा अघि बढाउने काम हुन सक्दैन । हामीकहाँ दसकौंदेखि गरिएका विकासका प्रयास कतै यस्तै खण्डित दृष्टिकोणका कारणले पूर्णता हासिल गर्न वा समग्र विकासको दिशातर्फ अघि बढ्न नसकेका हुन् कि भनेर प्रश्न गर्नुपर्ने देखिन्छ । त्यसैले विकासलाई समग्रतामा सोच्ने दृष्टिकोणले यसका कारणहरूको पहिचान गर्न र विकासका लागि चाहिने आधारभूत आधारहरूको खोजी गर्न सघाउँछ । हामीकहाँ विकासको सम्भावना छ तर त्यसका लागि आवश्यक वातावरण नै छैन भन्ने विचार र भावना सदैव रहिआएको छ । हो, त्यसैले पहिलो आवश्यकता विकासको आधार वा वातावरण तय गर्नु हो ।

यस्ता आधारहरुमध्ये हालसम्मको बहसमा छुटेको र प्राथमिकतामा नपरेको विषय हो(भूउपयोग गुरुयोजना । विकासको बाटोमा लाग्दा क्षेत्रीय विकास, एकीकृत ग्रामीण विकास आदि जस्ता अवधारणा र योजनाहरु नआएका होइनन् तर प्रसिद्ध भूगोलविद् एवं विकासविद् डा. हर्क गुरुङको पहलमा चौथो योजनामा समावेश गरिएको क्षेत्रीय विकास योजनाको नीतिले पूर्णता पाउन सकेन भने भूउपयोग गुरुयोजनाको नीति लागु नै हुन सकेन । यहाँ मनन गर्नुपर्ने पक्ष के छ भने सबै कुरा पुरानै अवस्थामा राखेर विकासको आधार निर्माण हुन सक्दैन । स्वतः बन्दै जाने, आफैं हुँदै जाने विकासको शैली अँगालेर वा हचुवा तवरमा योजनाहरु छरेर ठोस र दिगो विकास हासिल हुन सक्दैन । हाम्रा सडकलगायतका भौतिक पूर्वाधार र बस्तीहरु समग्र विकासको ढाँचामा आधारित नभई अलगथलग र एक किसिमको हचुवा शैलीमा निर्माण भइरहेका छन् । फलस्वरूप यस्तो विकासले विकासको झलक दिन सकिरहेको छैन ।

यस्तो हुनुका पछाडि हाम्रा विकासका योजनाहरु वस्तुनिष्ठ विश्लेषण र परिवेशमा आधारित साझा आवश्यकताका आधारमा नभई राजनीतिक पक्षधरता र लोकप्रियताका आधारमा बन्ने गरेका छन् । यसको एउटा उदाहरण राष्ट्रिय गौरवका आयोजनाको छनोटसमेत कतिपय अवस्थामा साझा राष्ट्रिय प्राथमिकताभन्दा राजनीतिक तथा दलीय प्राथमिकताबाट प्रभावित हुने गरेको भनेर आलोचना हुँदै आएको छ । तराई र पहाडमा समेत गरी तीन वटा पूर्वपश्चिम राजमार्ग सञ्चालनमा आइसकेको अवस्थामा चुरे जस्तो संवेदनशील भूगोल, जैविक विविधताले भरिपूर्ण र पातलो बस्ती भएको क्षेत्रमा छोटो दुरीको अन्तरालमै अर्को समानान्तर राजमार्ग निर्माण गर्नुपर्ने आवश्यकता किन पऱ्यो ? जबकि पहाडी भेगमा रहेको पुष्पलाल लोकमार्ग र तराईमा रहेको हुलाकी मार्ग बसौंदेखि पूरा हुन सकेका छैनन् । हुन सक्छ, हामीलाई तीन वटा पूर्वपश्चिम राजमार्ग भइसकेको अवस्थामा उत्तरदक्षिण मार्गहरुलाई तिनमा जोडिदिँदा आर्थिक विकास र व्यवसायका लागि उचित वातावरण सिर्जना गर्न सकिने थियो । भूउपयोग गुरुयोजनालाई आधार बनाएर बस्तीहरुको अवस्था, आर्थिक(सामाजिक सम्भाव्यता र वातावरणीय पक्षसमेतको लेखाजोखा गरिएको भए उपयुक्त यातायात सञ्जाल वा प्रणाली विकास गर्न सहज हुने थियो ।

त्यसै गरी देशैभरि डोजरे सडकहरु बनिरहेका छन् । बेहिसाब सडक निर्माणको एउटा दृष्टान्त काठमाडौंबाट हेटौंडा जाने सडकहरुलाई लिन सकिन्छ । काठमाडौं(तराई/मधेश द्रुतमार्गसहित मूल सडक तथा उपसडक गरी यस क्षेत्रमा नौ वटा सडक निर्माण भइसकेका वा निर्माणाधीन छन् तर वर्षायाममा दिगो रूपमा सञ्चालन हुन सक्ने सडकको अभाव देखिन्छ । आखिर कति वटा सडकले हाम्रो आवश्यकता पूरा गर्ने हो र त्यसको निर्धारण कसरी गर्ने हो ? एकातर्फ सडकको सञ्जाल गाउँ गाउँसम्म पुगिरहेको छ भने अर्कातर्फ गाउँहरुबाट बसाइँसराइका कारण गाउँहरु खाली हुँदै गएका छन् । त्यहाँ आर्थिक(सामाजिक विकासका गतिविधिहरु अवरुद्ध भइरहेका छन् । अर्को देखिएको समस्या देशका अधिकांश पालिकामा फोहोर व्यवस्थापनको रहेको छ । यसमा खास गरी फोहोर व्यवस्थापन गर्ने साइट पहिचान हुन सकेको छैन । त्यस्तै बस्ती बस्नुपर्ने ठाउँमा बस्तीको विकास हुन सकेको छैन भने उर्वर फाँटहरुमा सडक हुलेर हचुवा तवरमा घरहरु निर्माण गर्दै योजनाविहीन रूपमा बस्तीहरु बनिरहेका छन् ।

यस्तो अवस्थाले के देखाउँछ भने हाम्रा विकासका प्रयासहरु दिगो विकास हासिल गर्ने उद्देश्यले योजनाबद्ध र एकीकृत तवरमा भइरहेका छैनन् । अझ भौतिक पूर्वाधारका योजनाहरु निर्माण गर्दा ती योजनाहरुले कस्तो आर्थिक र सामाजिक लाभका अवसर र आधार सिर्जना गर्न सक्छन् भनेर पर्याप्त अध्ययन हुन सकिरहेको छैन । यस्तो हुँदो हो त हाम्रा गाउँहरुमा सडक, पानी र बिजुली पुग्दा पनि ती किन खाली भइरहेका छन् ? किन हाम्रा उर्वर जग्गाहरुमा घरहरु बनेर कृषिभूमि नाश भइरहेको छ र कृषि व्यवसाय ओरालो लागिरहेको छ ? यस्ता प्रश्न उठिरहेका छन् ।

यस्ता समस्याको समाधानको एउटा महत्वपूर्ण आधार भनेको भूउपयोग गुरुयोजनाका आधारमा समग्र विकास र आर्थिक(सामाजिक गतिविधिहरु सञ्चालन गर्नु हो । हाम्रो जस्तो भौगोलिक विविधता र प्राकृतिक प्रकोपको उच्च जोखिम रहेको देशमा विकासका हरेक योजना तय गर्न यसलाई अनिवार्य आधार बनाइनुपर्ने विषय हो । हामीकहाँ विसं २०७२ को भूकम्पका बेला एकीकृत बस्ती विकासको चर्चा चलेको थियो भने हालैको भोटेकोशी(त्रिशूली बाढीको सन्दर्भमा बस्ती स्थानान्तरणको चर्चा चलिरहेको छ । यस्तो अवस्थामा यदाकदा भूउपयोग योजनाको चर्चा चल्छ तर हुनुपर्ने के हो भने भूउपयोग गुरुयोजनाको नीतिलाई बस्ती विकासदेखि भौतिक पूर्वाधार र समग्र सामाजिक(आर्थिक विकासको आधार बनाइनु जरूरी हुन्छ । यसले नै विकासको बलियो आधार निर्माण गर्छ । विकासका लागि चाहिने वातावरण निर्माण गर्न आवश्यक नीतिहरुको अभावमा खण्डीकृत वा टुक्रे विकासका कुरा गरेर वास्तविक र दिगो विकास हासिल हुन सक्दैन । अहिलेसम्मका हाम्रा विकास प्रयासहरु प्रभावकारी र परिणाममुखी हुन नसक्नुको एउटा महत्वपूर्ण कारण भूउपयोग गुरुयोजनाको नीति अवलम्बन नगर्नु हो तर यो विषय पर्याप्त बहसमा आउन सकेको छैन । यसका कारण हाम्रा सीमित स्रोतसाधनको उचित सदुपयोग हुन नसकिरहेको मात्र होइन, अनियोजित विकासले कतिपय अवस्थामा विनाशसमेत निम्त्याइरहेको छ । फलतः विकासले अपेक्षित आर्थिक(सामाजिक विकासको दिशा समात्न सकेको छैन ।

भूउपयोग गुरुयोजनालाई समग्र विकासको आधार मान्नुको प्रमुख कारण क्षेत्रगत विकासका योजनाहरु निर्माण गर्न यसले बलियो आधार प्रदान गर्नु हो । यही आधारमा यातायात तथा समग्र 'कनेक्टिभिटी' को योजना बनाउन सहज हुन्छ । त्यसै गरी जोखिममुक्त तथा सुरक्षित क्षेत्रहरु पहिचान गरी बस्ती विकासको योजना बनाउन सकिन्छ । जलवायु परिवर्तनका कारण बढ्दै गएको जोखिमको मूल्यांकन गरी नयाँ बस्ती मात्र होइन, पुराना बस्तीलाई समेत सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था आएको छ । योजनाबद्ध रूपमा विकास गरिएका एकीकृत र केन्द्रित बस्तीहरुमा पूर्वाधार तथा सेवाहरु सहज र कम लागतमा उपलब्ध गराउन सकिन्छ । यस्ता बस्तीमा आर्थिक गतिविधि चलायमान हुनुका साथै सामाजिक सेवाहरुको पहुँच पनि सहज हुन्छ । संसारका अधिकांश व्यवस्थित बस्तीहरु कुनै न कुनै रूपमा भूउपयोग योजना वा त्यसमा आधारित दीर्घकालीन योजनाका आधारमै विकास भएका छन् ।

यसै गरी कृषि, वन, पर्यटन जस्ता आर्थिक विकासका क्षेत्रहरुको योजनाबद्ध विकासका लागि पनि भूउपयोग गुरुयोजनाले महत्वपूर्ण आधार प्रदान गर्छ । कृषि विकासका लागि स्थानीय उत्पादनलाई कसरी बजारसँग जोड्ने भन्ने योजना पनि यही आधारमा बनाउन सम्भव हुन्छ । त्यसै गरी पालिकाहरुबिचको सहकार्यमा जटिल बन्दै गएको फोहोर व्यवस्थापनको समस्या समाधानका उपाय पहिचान गर्न पनि भूउपयोग गुरुयोजनाले आधार प्रदान गर्न सक्छ । भूउपयोग गुरुयोजना भौतिक पूर्वाधारका योजनाका लागि मात्र आवश्यक हुने होइन; सामाजिक तथा आर्थिक विकासका योजनाका लागि पनि यो बलियो आधार बन्न सक्छ । विद्यालय तथा अन्य शैक्षिक संस्थाहरु कहाँ र कसरी केन्द्रित गर्ने, अस्पतालहरु कहाँ आवश्यक छन्, औद्योगिक क्षेत्रहरु कहाँ स्थापना गर्न उपयुक्त हुन्छन् जस्ता विभिन्न पक्षलाई पनि भूउपयोग गुरुयोजनाले मार्गदर्शन गर्न सक्छ ।

यसरी समग्र विकासको आधार बनाइनुपर्ने भूउपयोग गुरुयोजना तयार गर्न र कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य हुनु आवश्यक छ । आज सूचना प्रविधिको विकास भएको अवस्थामा यसको सदुपयोग गरी यस्तो गुरुयोजना तयार गर्न थप सहज भएको छ । यसका लागि विभिन्न विषयका विज्ञहरुको संयुक्त प्रयास आवश्यक हुन्छ भने योजना आयोग, अनुसन्धान संस्थाहरु तथा विश्वविद्यालयहरुको सहकार्य पनि उत्तिकै जरूरी छ । यस कार्यमा भूगोलविद्, भूगर्भशास्त्री, मानवशास्त्री तथा समाजशास्त्री, अर्थशास्त्री, विकास तथा योजनाविद् जस्ता विभिन्न विषयका विज्ञको संलग्नताका साथै रैथाने ज्ञान र स्थानीय अनुभवलाई पनि उत्तिकै महत्व दिन आवश्यक हुन्छ । यसो हुन सके मात्र बहुआयामिक दृष्टिकोणसहित समग्र विकासका लागि व्यावहारिक रूपमा कार्यान्वयन गर्न सकिने भूउपयोग गुरुयोजना निर्माण हुने छ । यस्तो गुरुयोजनाले मात्र देशको सर्वाङ्गीण विकासको दिगो आधार तय गर्न सक्छ । गोप

सामाजिक सञ्जाल

कांग्रेसको हामी तयार छौं अभियान



प्रदीप पौडेल
महामन्त्री नेपाली कांग्रेस

नेपाली कांग्रेसले पार्टीको आन्तरिक रूपान्तरण, संगठन सुदृढीकरण र आगामी स्थानीय तह निर्वाचनको तयारीलाई लक्षित गर्दै 'हामी तयार छौं' अभियान सुरू गरेको छ । मङ्सिर १ गतेदेखि सुरू भएको अभियान महिनाभरि देशव्यापी रूपमा सञ्चालन हुने पार्टीले जनाएको छ ।

महामन्त्री प्रदीप पौडेलका अनुसार अभियानअन्तर्गत वडा तहदेखि केन्द्रसम्मका करिब तीन लाख नेता तथा कार्यकर्ता परिचालन गर्ने लक्ष्य राखिएको छ । अभियानमार्फत पार्टीको नीति, विधान, महाधिवेशनबाट पारित दस्तावेज र आगामी कार्यदिशाबारे नेता तथा कार्यकर्तालाई जानकारी गराइनेछ ।

पार्टी सभापति गगनकुमार थापाको निर्देशन तथा केन्द्रीय कार्यसमितिको निर्णयअनुसार अघि बढाइएको अभियानले पार्टीबाट टाढिएका मतदातासँग पुनः सम्बन्ध स्थापित गर्ने, उनीहरुका गुनासा सुन्ने र संगठनलाई जनतासँग जोड्ने उद्देश्यसमेत राखेको छ ।

यसैगरी उम्मेदवार छनोट प्रक्रियामा पार्टी सदस्यको सहभागिता, संगठन सञ्चालनमा देखिएका कमजोरी सुधार र प्रमुख प्रतिपक्षी दलका रूपमा प्रभावकारी भूमिका निर्वाह गर्ने विषयलाई अभियानमा प्राथमिकता दिइएको छ ।

पाठक पत्र

आन्दोलनको रहर कि सत्ताको छटपटी ?

सम्पादकज्यू,

काम कुरा एकातिर, कुम्लो बोकी तिमीतिर भनेझैं यतिबेला सत्ताबाहिर रहेका केही कम्युनिष्ट नेताहरुको राजनीतिक गतिविधि हेर्दा जनताको समस्या भन्दा सत्ता र पदकै चिन्ता बढी भएको देखिन्छ । निर्वाचनमा जनताले दिएको जनादेश स्वीकार गरेर रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्नेमा उनीहरु बारम्बार आन्दोलनको धम्की दिइरहेका छन् ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले पछिल्लो समय पार्टीका नेता तथा कार्यकर्तालाई आन्दोलनका लागि सधैं तयार रहन निर्देशन दिनुले पनि यही संकेत गर्छ । कहिले तीजपछि, कहिले दसैंपछि त कहिले छठपछि आन्दोलन गर्ने चर्चा चलाउँदै आएको एमाले अब फेरि आन्दोलनको तयारीमा जुटेको देखिन्छ । तर प्रश्न उठ्छ, आखिर किन र केका लागि आन्दोलन ?

देशमा बेरोजगारी, महँगी, भ्रष्टाचार, सुशासनको अभाव, विकास निर्माणमा ढिलासुस्ती र नागरिकका अनेकौं समस्या छन् । यस्ता विषयमा सरकारलाई खबरदारी गर्दै जनताको पक्षमा आवाज उठाउनु प्रतिपक्षको धर्म हो । तर जनताका दैनिक समस्याभन्दा सत्ता परिवर्तन र सडक आन्दोलनलाई प्राथमिकता दिनु कति उचित हो ? जनताले निर्वाचनमार्फत दिएको म्यान्डेटलाई सहज रूपमा स्वीकार गर्न नसक्नु लोकतान्त्रिक संस्कार हो र ?

आन्दोलन लोकतन्त्रको एउटा महत्वपूर्ण अधिकार हो । सरकार निरंकुश बन्यो, जनताको अधिकार कुण्ठित गऱ्यो वा संविधान र कानुनविपरीत काम गऱ्यो भने त्यसविरुद्ध आन्दोलन आवश्यक पनि हुन्छ । तर केवल आफू सत्तामा नभएकै कारण आन्दोलनको वातावरण बनाउनु राजनीतिक जिम्मेवारी होइन । आन्दोलन जनताको अधिकार र न्यायका लागि हुनुपर्छ, नेताहरुको पद र प्रतिष्ठा जोगाउन होइन ।

अझ अध्यक्ष ओलीले सन् १९७७ को रूसी विद्रोहको उदाहरण दिँदै निर्वाचन, जनविद्रोह र उपद्रवबाट सत्ता उलटफेर हुने प्रसंग उठाउनु कस्तो राजनीतिक सन्देश हो ? लोकतान्त्रिक व्यवस्थामा जनताको मतबाट सरकार बन्ने र जनताकै मतबाट परिवर्तन हुने मान्यतालाई राजनीतिक दलहरुले आत्मसात् गर्नुपर्छ । सडकको शक्ति देखाउने नाममा अस्थिरता निम्त्याउने सोचले मुलुकलाई थप संकटतर्फ धकेल्न सक्छ ।

राजनीतिक दलहरु सत्तामा हुँदा एउटा र सत्ताबाहिर हुँदा अर्को व्यवहार गर्ने प्रवृत्तिबाट मुक्त हुनुपर्छ । हिजो सरकारमा हुँदा आफूले गरेका कामको समीक्षा गर्ने, कमजोरी स्वीकार गर्ने र जनतासँग पुनः विश्वास जिल्ने प्रयास गर्नुपर्ने हो । त्यसको सट्टा आन्दोलनको आँधीबेहरी ल्याउने उद्घोष गर्नुले जनतामा सकारात्मक सन्देश दिँदैन ।

अहिले देशलाई आन्दोलनको धम्कीभन्दा जिम्मेवार प्रतिपक्ष, राजनीतिक स्थिरता, सुशासन र विकासको खाँचो छ । सरकारले पनि जनताको अपेक्षाअनुसार काम गर्नुपर्छ । प्रतिपक्षले पनि सरकारका राम्रा काममा सहयोग र गलत काममा सशक्त खबरदारी गर्न सक्नुपर्छ । लोकतन्त्रमा सरकार र प्रतिपक्ष दुवै जनताप्रति उत्तरदायी हुनुपर्छ ।

अन्ततः राजनीति पद प्राप्त गर्ने र गुमेपछि सडक ततायने खेल मात्र होइन । जनताको विश्वास जित्नु र मुलुकको हितमा काम गर्नु नै राजनीतिक दलको वास्तविक सफलता हो । त्यसैले नेताहरुले आन्दोलनको तयारीभन्दा जनताको समस्या समाधान गर्ने तयारीमा आफ्नो शक्ति खर्च गर्नु उचित हुनेछ । - *एलेन यात्स्वा, झापा*

सुनसरीमा २५० सीसीटीभी क्यामेरा जडान



इनरूवा । सुनसरीमा सवारी दुर्घटना न्यूनीकरण, ट्राफिक व्यवस्थापन र अपराध नियन्त्रणका लागि २५० वटा सीसीटीभी क्यामेरा जडान गरिने भएको छ । जिल्ला प्रहरी कार्यालयले करिब ४ करोड ६० लाख रूपैयाँ लागत अनुमानसहित योजना अघि बढाएको हो ।

योजना कार्यान्वयनका लागि जिल्लाका १२ वटै स्थानीय तहका प्रमुखसँग स्रोत व्यवस्थापन तथा सहयोगका लागि समन्वय भइरहेको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक पुष्पराज मल्लले बताए । सदरमुकाम इनरूवासहित जिल्लाका मुख्य बजार, सडक र सीमावर्ती क्षेत्रमा क्यामेरा जडानको आवश्यकता पहिचान गरिएको उनले जानकारी दिए ।

यस अभियानमा ४९ जना व्यवसायीलाई समेत सहभागी गराउने पहल भइरहेको मल्लले बताए । सीसीटीभी जडानसँगै सडक सुरक्षा, ट्राफिक व्यवस्थापन र अपराध नियन्त्रणका कार्यक्रमलाई एकीकृत स्वरूप अघि बढाउने प्रहरीको योजना छ ।

दुर्घटना न्यूनीकरणका लागि छुट्टै समिति गठन गरी प्रहरी, ट्राफिक प्रहरी र सरोकारवाला निकायबीच समन्वय बढाइने भएको छ । सीमावर्ती क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रणका लागि सुरक्षा निकाय र सम्बन्धित पक्षबीच सहकार्य विस्तार गर्ने निर्णयसमेत गरिएको छ ।

यसैगरी लागूऔषध दुर्व्यसनविरूद्ध युवापुस्तालाई सचेत गराउन वक्तृत्वकला प्रतियोगिता आयोजना गरिने भएको छ । प्रतियोगितामार्फत विद्यार्थी, विद्यालय, अभिभावक र समुदायमा लागूऔषधको असरबारे जनचेतना फैलाउने लक्ष्य राखिएको छ ।

जिल्ला समन्वय समिति सुनसरीका प्रमुख राजन मेहता, प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्याल, प्रहरी उपरीक्षक मल्ल, प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्कालगायत मानवअधिकार तथा नागरिक अधिकारका क्षेत्रमा कार्यरत प्रतिनिधिहरूको बैठकले उक्त निर्णय गरेको हो ।

बैठकका सहभागीहरूले ट्राफिक व्यवस्थापन र सडक दुर्घटना न्यूनीकरण प्रहरीको मात्र नभई स्थानीय सरकार, नागरिक समाज, व्यवसायी, विद्यालय र आम नागरिकको साझा जिम्मेवारी भएको बताएका थिए । सीसीटीभी जडानसँगै ट्राफिक नियमको पालना र चालक सचेतनालाई पनि प्राथमिकता दिनुपर्नेमा उनीहरूले जोड दिएका थिए ।

पानायोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
अगाडीदेखि तपाईहरूको रोजाना
सामर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सबै ब्रण्डेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, कौंटा खुलम दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै चर्खा अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर सबै ब्याट्री चार्जुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्ट-सहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हरिधारलगा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

SHREE RATNA JEWELLERY
दमक-६, शंखधरचोक, झापा
छापावाल सुन बिक्री दर 2,61,400/
चाँदी बिक्री दर 3395/-
हिजोको सुनचाँदीको दरभाउ
मिति : २०८३ मंसिर २
शुद्धताको ग्यारेन्टीसहित यहाँ आधुनिक तथा पौराणिक आकर्षक डिजाईनका सुनचाँदीका गरगहनाहरु बनाउनुका साथै शुरुप मूल्यमा खरिद-बिक्री गरिन्छ ।
सुरक्षित सेफ लकरको आवश्यकता परेमा पनि हामीलाई सम्झनुहोला ।
सम्पर्क: ९८५१९९६३१५ (9815996315)

समाज

पौडेलले दिए चार विपन्न परिवारलाई खाद्यान्न

दमक । झापा,कमल गाउँपालिका-६ निवासी भीम पौडेलले आफ्नो जन्मदिनको अवसर पारेर सोही क्षेत्रका चार विपन्न तथा समस्यामा परेका परिवारलाई खाद्यान्न सामग्री सहयोग गरेका हुन् । युवा व्यक्तित्व पौडेल शहीदमार्ग टोल विकास समितिका अध्यक्ष , लायन्स क्लब लगायतका सामाजिक संघसंस्थाहरूमा आवद्ध रहिआएका छन् ।

पौडेलले त्यहाँका एकल महिला सिजा दर्नालसहित चुड्के मुर्मु, राम ग्वाल र अमन यादवको परिवारलाई चामल, नुन, तेललगायतका दैनिक उपभोग्य खाद्यान्न सामग्री हस्तान्तरण गरेका हुन् । जन्मदिनमा गरिने फजुल खर्चलाई निरूत्साहित गर्न व्यक्तिगत खुसीलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै अभावमा रहेका परिवारलाई थोरै भए पनि राहत पुऱ्याउने उद्देश्यले सहयोग गरिएको पौडेलले बताए ।

आमरण अनसनको अन्त्य

विराटनगर । ओखलढुंगाको मानेभञ्ज्याङ गाउँपालिका-७ टोक्सेलमा प्रादेशिक अस्पताल तथा मेडिकल कलेज निर्माण प्रक्रिया अघि बढाउन कोशी प्रदेश सरकार र संघर्ष समितिबीच पाँचबुँदे सहमति भएको छ । मंगलबार भएको सहमतिसँगै अस्पताल निर्माणको माग राख्दै संघर्ष समितिले सुरू गरेको आमरण अनसन पनि अन्त्य भएको छ ।

सहमतिअनुसार अस्पताल निर्माणका लागि उपलब्ध गराइएको १६७ रोपनी जग्गाको प्राविधिक टोलीबाट तत्काल निरीक्षण गरिने भएको छ । सामाजिक विकास मन्त्रालयको नाममा रहेको उक्त जग्गा स्वास्थ्य मन्त्रालयको नाममा हस्तान्तरण गर्न आवश्यक प्रक्रिया अघि बढाइने सहमतिमा उल्लेख छ ।

त्यस्तै, अस्पताल निर्माणका लागि वातावरणीय परीक्षण गर्न २०८३ मंसिरभित्र आवश्यक स्रोत व्यवस्थापन गरी चालु आर्थिक वर्षभित्र प्रतिवेदन तयार गरिने भएको छ । यी प्रक्रिया अघि बढेपछि आगामी बजेट तथा कार्यक्रममा अस्पताल निर्माणका लागि बजेट व्यवस्थापन गर्ने सहमति भएको छ ।

कोशी प्रदेशका स्वास्थ्य मन्त्री इन्द्रमणि पराजुली र अस्पताल तथा मेडिकल कलेज निर्माणका लागि गठित संघर्ष समितिका संयोजक माधवप्रसाद ढुंगानाले सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । सम्झौतामा प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा. कीर्तिपाल सुवेदी तथा जग्गादाताका प्रतिनिधिहरूले पनि हस्ताक्षर गरेका छन् ।

अस्पताल निर्माणका लागि सरकारले नै जग्गा माग गरेपछि स्थानीयले १६७ रोपनी जग्गा निःशुल्क उपलब्ध गराएका थिए । उक्त जग्गा सामाजिक विकास मन्त्रालयको स्वामित्वमा हस्तान्तरण गरिए पनि लामो समयसम्म निर्माण प्रक्रिया अघि नबढेको भन्दै स्थानीयले असन्तुष्टि जनाउँदै आएका थिए । यही माग राखेर संघर्ष समितिले सोमबार साँझदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि आमरण अनसन सुरू गरेको थियो ।

मानेभञ्ज्याङमा प्रादेशिक अस्पताल निर्माणका लागि विस्तृत आयोजना अध्ययन प्रतिवेदनसमेत तयार भइसकेको छ । आर्थिक वर्ष २०७६/७७ देखि नै अस्पताल निर्माणको प्रक्रिया अघि बढाइएको थियो ।

२०७६ जेठ २८ गते मानेभञ्ज्याङ गाउँपालिकाका तत्कालीन अध्यक्ष मोतीराज राईको अध्यक्षतामा बसेको बैठकले ओखलढुंगा, सोलुखुम्बु, खोटाङ र पश्चिम उदयपुरका नागरिकलाई लक्षित गरी भौगोलिक रूपमा पायक पर्ने स्थानमा प्रादेशिक अस्पताल स्थापना गर्न प्रदेश सरकारलाई सुझाव दिएको थियो । स्थानीयले निःशुल्क जग्गा उपलब्ध गराए पनि निर्माणले गति लिन सकेको थिएन ।

शिक्षाप्रेमी राई सम्मानित

दमक । कमल गाउँपालिका-५ स्थित सगुन युवा क्लबले यसवर्ष पनि देउसी भैलीका साथ २० औं सगुन साँझलाई निरन्तरता दिएको छ ।

तिहार,छैठ लगायतका चाडपर्वहरूको विदाई संगै यसवर्ष पनि सोमबार भव्य रूपले सगुन साँझ तथा देउसी-भैलो कार्यक्रम सम्पन्न गरेको हो ।

मंगलवारे वजारमा आयोजना गरिएको कार्यक्रममा स्थानीयहरूको वृहत उपस्थिति रहेको थियो । कार्यक्रमको क्लबका संस्थापक अध्यक्षसमेत रहेका कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईले ब्यानर वाचन र दीप प्रज्वलन गरी उद्घाटन गरेका थिए ।

सोही अवसरमा शिक्षा तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याएबापत शिक्षाप्रेमी अनुपमा राईलाई दोसल्ला र सम्मानपत्रसहित सम्मान गरिएको छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि राईले युवाहरु रचनात्मक र सामाजिक उत्तरदायित्वका काममा एकजुट भएर लागे मात्र समाज र देश निर्माणको अभियानले सार्थकता पाउने बताए ।

युगकवि सिद्धिचरणको कविताले चिनिएको ओखलढुंगाको "ओखलको ढुंगा"



केवी मसाल

ओखलढुंगा । पर्यटन भन्नासाथ धेरैको मनमा नयाँ ठाउँ घुम्ने, रमाइलो गर्ने र प्राकृतिक सौन्दर्यमा रमाउने चित्र आउँछ । तर सबै यात्रा मनोरञ्जनका लागि मात्र हुँदैनन् । कतिपय यात्रा इतिहासको खोजी, संस्कृति र सभ्यताको अध्ययन तथा साहित्यिक अनुभूति प्राप्तिका लागि पनि हुन्छन् । यस्तै यात्रालाई साहित्यिक पर्यटनका रूपमा बुझ्न सकिन्छ । साहित्यकारका लागि यात्रा केवल गन्तव्यमा पुग्नु होइन, त्यहाँको भूगोल, इतिहास, समाज र संस्कृतिलाई अनुभूत गर्दै सिर्जनाको नयाँ आधार खोज्नु पनि हो ।

सामान्य पर्यटकले कुनै ठाउँको दृश्य आँखाले नियालछन् भने साहित्यिक पर्यटकले त्यसको इतिहास, कथा र भावनालाई पनि खोज्छन् । उनीहरूका लागि कुनै गाउँ, नदी, पहाड वा पुरानो बस्ती केवल भौगोलिक संरचना हुँदैन, त्यससँग जोडिएका स्मृति र साहित्यिक सन्दर्भ पनि उत्तिकै महत्वपूर्ण हुन्छन् । त्यसैले साहित्यिक पर्यटनले साहित्य र भूगोल, स्रष्टा र पाठक तथा इतिहास र वर्तमानबीच आत्मीय सम्बन्ध स्थापित गर्छ ।

नेपालमा साहित्यिक पर्यटनको सम्भावना बोकेका धेरै स्थान छन् । आदिकवि भानुभक्त आचार्यको जन्मभूमि तनहुँको चुँदीरम्घा, राष्ट्रकवि माधव घिमिरेको जन्मथलो लमजुङको बाहुनडाँडा र युगकवि सिद्धिचरण श्रेष्ठको जन्मभूमि ओखलढुंगा साहित्यिक पर्यटकका आकर्षक गन्तव्य हुन् । यस्ता स्थानको भ्रमणले साहित्यकार तथा पाठकलाई कृतिमा पढेका प्रसङ्ग प्रत्यक्ष अनुभूत गर्ने अवसर दिन्छ ।

कवितालै चिनाएको ओखलढुंगा

युगकवि सिद्धिचरण श्रेष्ठको चर्चित कविता मेरो प्यारो ओखलढुंगाले ओखलढुंगालाई साहित्यिक पहिचान दिएको छ । कविताभा व्यक्त जन्मभूमिप्रतिको प्रेम, आत्मीयता र बाल्यकालीन स्मृतिले धेरै पाठकको मनमा ओखलढुंगा पुग्ने उत्सुकता जगाएको छ । कविताभा पढेको ठाउँ कस्तो होला भन्ने जिज्ञासाले साहित्यिक पर्यटकलाई यहाँसम्म डोऱ्याउने गरेको छ ।

विसं १९६९ असोज ९ गते ओखलढुंगामा जन्मिएका सिद्धिचरण श्रेष्ठ नेपाली साहित्यका प्रतिष्ठित कवि हुन् । युगकविका रूपमा सम्मानित उनको सिर्जनामा देशप्रेम, मानवता, सामाजिक न्याय, गरिबी, शोषण र अन्यायविरूद्धको चेतना पाइन्छ । कविताभार्फत जनताको पीडा र परिवर्तनको आकाङ्क्षा व्यक्त गर्ने श्रेष्ठको साहित्यिक योगदान नेपाली समाजका लागि प्रेरणाको स्रोत बनेको छ ।

ओखलढुंगा पुग्ने साहित्यिक पर्यटकका लागि सबैभन्दा आकर्षक गन्तव्य सिद्धिचरण श्रेष्ठको जन्मथलो र त्यससँग जोडिएका स्मारक हुन् । सदरमुकामस्थित सिद्धिचरण पार्कमा रहेको उनको पूर्णकदको सालिकले साहित्यप्रेमीलाई आकर्षित गर्छ । सालिकको पृष्ठभूमिमा तस्बिर खिच्ने र कविको योगदान स्मरण गर्ने पर्यटकको उपस्थिति यहाँ देख्न सकिन्छ ।

पार्कसँगै रहेको ऐतिहासिक ओखलको ढुंगा जिल्लाको अर्को महत्वपूर्ण पहिचान हो । ओखलजस्तो आकारको गहिरो खोपिल्टो परेको ढुंगालाई संरक्षण गर्दै वरिपरि पर्यटकीय संरचना निर्माण गरिएको छ । यससँगै धान कुटिरहेको काजी भीम मल्लका सैनिकको प्रतिमा तथा 'मेरो प्यारो ओखलढुंगा'सँग सम्बन्धित संरचनाले ऐतिहासिक र साहित्यिक महत्वलाई जोडेको छ ।

ओखलको ढुंगाको नामकरणसँग विभिन्न जनश्रुति जोडिएका छन् । महाभारतकालमा भीमले उक्त ढुंगाको ओखलमा धान कुटेर खाएको किंवदन्ती प्रचलित छ । अर्को जनश्रुतिअनुसार मल्लकालमा काजी भीम मल्लको फौजले किर्तीर राज्य जितेपछि लुटेर ल्याएको धान त्यही ओखलमा कुटेर खाएको भन्ने भनाइ छ । यी कथनले ओखलढुंगाको नाम र इतिहासप्रति पर्यटकमा थप जिज्ञासा जगाउँछन् ।

स्रष्टाको सम्झनादेखि ऐतिहासिक सम्पदासम्म

सदरमुकामको गणेशचोकनजिकै रहेको स्रष्टापार्क पनि साहित्यिक पर्यटनको महत्वपूर्ण गन्तव्य हो । यहाँ युगकवि सिद्धिचरण श्रेष्ठ, नेपालीकी प्रथम महिला गायिका मेलवादेवी, राष्ट्रिय गानका रचयिता व्याकुल माइला र चर्चित लोकगायक पाण्डव सुनुवारका अर्धकदका प्रतिमा राखिएका छन् । साहित्य, संगीत र सिर्जनामा योगदान पुऱ्याएका व्यक्तित्वको स्मृतिले यस पार्कलाई ओखलढुंगाको सांस्कृतिक पहिचानसँग जोडेको छ ।

ओखलढुंगा साहित्य र इतिहासमा मात्र सीमित छैन । यहाँ सन्त ज्ञान दिलदास, कवि रघुनाथ पोखरेल, स्वामी गंगानन्द गिरी, स्वामी प्रकाशानन्द पुरी, अगमसिंह राई, गायिका गंगा राणा र कलाकार सिँहराज गुरूङजस्ता व्यक्तित्वको नाम पनि जोडिएको छ । यसले ओखलढुंगाको सांस्कृतिक र सिर्जनात्मक विरासतलाई थप समृद्ध बनाएको छ ।

इतिहासमा रूचि राख्ने पर्यटकका लागि तलुवागढी अर्को महत्वपूर्ण गन्तव्य हो । ओखलढुंगा बजारबाट गोरूमारे भञ्ज्याङ, अधेरी, नारायणस्थान र निशंखे हुँदै पुग्न सकिने तलुवागढीमा चौधौं शताब्दीतिर निर्माण भएको गढीका भग्नावशेष अझै देख्न सकिन्छ । तत्कालीन सेनवंशी र किर्तीर शासकबीच भएको संघर्षसँग जोडिएको यस क्षेत्रका पर्खाल, बंकर र जनुकादेवी मन्दिरले ऐतिहासिक महत्व बोकेका छन् ।

रूञ्जाटारदेखि हिमाली दृश्यसम्म

ओखलढुंगाको अर्को परिचित गन्तव्य रूञ्जाटार हो । सुनकोशी किनारमा अवस्थित रूञ्जाटार भौगोलिक, सांस्कृतिक र ऐतिहासिक विशेषता बोकेको सुन्दर बस्ती हो । यहाँ गुरूङ समुदायको बाहुल्यता छ । १८औं शताब्दीमा पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानका क्रममा पश्चिम नेपालबाट आएका गुरूङ समुदायको इतिहास यस क्षेत्रसँग जोडिएको छ । रूञ्जाटारको राडीपाखी परम्परागत उत्पादनका स्वरूप प्रसिद्ध छ । यहाँ रहेको ११ फिट अग्लो बुद्धको मूर्ति, बौद्ध गुम्बा र विमानस्थलले पनि पर्यटकीय आकर्षण थपेका छन् ।

प्राकृतिक सौन्दर्यमा रमाउन चाहनेका लागि ठाडे र जन्तरधाप उपयुक्त गन्तव्य हुन् । ओखलढुंगा(सोलुखुम्बु सडकखण्डमा पर्ने यी स्थानबाट नुम्बुर, सगरमाथा, ल्होत्से र मकालुसहितका हिमशृङ्खला अवलोकन गर्न सकिन्छ । ठाडेमा मगर समुदायले सञ्चालन गरेका होमस्टेले पर्यटकलाई स्थानीय संस्कृति, खानपान र जीवनशैलीसँग नजिकिने अवसर दिएका छन् । हिमपात हुने समयमा यहाँ पर्यटकको आकर्षण अझ बढ्ने गरेको छ ।

त्यस्तै, थामडाँडास्थित सहिदस्मृति पार्कबाट ओखलढुंगा बजारको सुन्दर दृश्य अवलोकन गर्न सकिन्छ । प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने सहिदहरूको सम्झनासँग जोडिएको यस क्षेत्रले ऐतिहासिक महत्वसमेत बोकेको छ ।

साहित्यिक पर्यटनको सम्भावना

ओखलढुंगा मध्यपहाडी लोकमार्ग र सिद्धिचरण राजमार्गमार्फत अन्य जिल्लासँग जोडिएको छ । सडक सञ्जाल विस्तारसँगै जिल्लाका विभिन्न गाउँ र पर्यटकीय स्थलसम्म पुग्न सहज हुँदै गएको छ । पर्यटकलाई लक्षित गरी विभिन्न स्थानमा होटल, रेस्टुरेन्ट र होमस्टे पनि सञ्चालनमा आएका छन् ।

साहित्यिक पर्यटनको वास्तविक महत्व कुनै स्थान घुमेर फर्कनुमा मात्र सीमित हुँदैन । त्यहाँको इतिहास बुझ्नु, स्थानीय जीवनशैलीसँग परिचित हुनु र अनुभूतिलाई सिर्जनामा उतार्नु पनि यसको उद्देश्य हो । त्यसैले ओखलढुंगा साहित्यकार, पाठक, इतिहासप्रेमी र प्रकृतिप्रेमी सबैका लागि महत्वपूर्ण गन्तव्य बन्न सक्छ ।

युगकवि सिद्धिचरणले कविताभार्फत आफ्नो जन्मभूमिलाई जसरी अमर बनाएका छन्, त्यसरी नै ओखलढुंगाको साहित्यिक तथा ऐतिहासिक सम्पदालाई व्यवस्थित संरक्षण र प्रचार गर्न सके पर्यटनको नयाँ सम्भावना खुल्न सक्छ । कविताभा पढेको ओखलढुंगा प्रत्यक्ष यात्राभा अनुभूत गर्ने अवसरले साहित्य र पर्यटन दुवैलाई जीवन्त बनाउनेछ । *पत्रकार मसाल स्वतन्त्र पत्रकार संघका पूर्व अध्यक्ष हुन्)*

दैनिक राशिफल



आज मिति
२०८३ साल
मंसिर ३ गते
बिहीबार
19 Nov. 2026
तिथि: दशमी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : दमकपस नोड, सगरमाथा आंचल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

मेष च चे लो ला लि लँ ले लो अ
अशान्ति भएपनि मानसम्मान मिल्ने व्यवसायबाट धनलाभ

वृष इ उ ए ओ वा वि वु वे वो
पराक्रम बढ्ने आफन्तबाट सहयोग लाभ प्राप्त हुने ।

मिथुन का कि कु घ ङ छ के को हा
पढाइमा रूचि । स्वास्थ्य समस्या व्यवसायबाट सामान्य लाभ ।

कर्कट च चे लो ला लि लँ ले लो अ
व्यवसायिक सफलता । स्वास्थ्य प्रतिकूल हुँदा सामान्य लाभ ।

सिंह मा मि मु मे मो टा टि दु टे
मान्यजनसँग भेट मिष्ठान्न भोजन ।

कन्या टो प पी पै ध ण ठ पे पो
मेहनत बढी हुने । सामान्य लाभ मातापिताको स्वास्थ्यमा समस्या ।

तुला हि ह हे हो डा डि डु डे डो
आर्थिक पक्ष सबल बनाउने प्रयत्न विफल, मध्यान्हपछि लाभ ।

वृश्चिक तो ना नि नै ने नो था थि थु
पित्ता, नैराश्यताले सताउने नजानकारी गल्ति गर्दा केही फाइदा

धनु य यो भा भी भे भ धा फा ढ भे
घरपरिवारको साथ मान्यजनसँग भेट हुने ।

मकर भो जा जी खि ख खे खो गा गी
आफन्तको सहयोग मिल्ने मध्यान्हकाट व्यापारिक लाभ

कुम्भ गै गे गो सा सी सै से सो दे
आफन्तहरु सहयोग मिल्ने कम बोल्दा फाइदा ।

मीन दि दु ध झ ञ द दे दो चा ची
अध्ययन अध्यापनमा रुची कार्यालयउतनाले गाहिरावाट आर्थिका ।

पाथीभरामा ४९ लाख ८७ हजार भेटी संकलन



ताप्लेजुङ/ ताप्लेजुङको पाथीभरामा एक महिनामा ४९ लाख ८७ हजार २०० रूपियाँ भेटी संकलन भएको छ । कात्तिक महिनामा उक्त रकम बराबरको भेटी संकलन भएको हो ।

पाथीभरा क्षेत्र विकास समितिले हरेक महिनाको भेटी रकम सार्वजनिक गर्दै आइरहेको छ । समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङका अनुसार तीर्थयात्रीले मन्दिरमा चढाएको भेटी रकम समितिका कर्मचारीले नेपाल प्रहरीको रोहबरमा संकलन गरि पोकामा लाहा छाप लगाई फेदीमा ल्याएर जम्मा गर्ने गरेका छन् ।

एक सातासम्म संकलन भएको भेटी फेदीमा राखिने गरिएको छ भने त्यसपछि फुङलिङको कार्यालयमा ल्याएर गणना गरी बैंकमा जम्मा गरिँदै आएको हाङबाङले बताए । अनुसार कर्मचारीले कार्यालय समयमा प्रहरी तथा सिसिटिभीको निगरानीमा भेटी गणना गरिने समितिले जनाएको छ ।

कात्तिक महिनामा ६४ हजार १०६ दर्शनार्थी मन्दिर पुगेका थिए । गत शनिबार यस वर्षकै सबैभन्दा बढी ११ हजार २७२ जना भक्तजनले एकैदिन मन्दिरको दर्शन गरेका थिए । यसअघि कात्तिक तेह्रो साता मंगलबार १० हजार ६१६ जना भक्तजन पाथीभरा पुगेका थिए । समुद्री सतहबाट तीन हजार ७९४ मिटर उचाइमा रहेको पाथीभराबाट कञ्चनजंघा, कुम्भकर्ण, मकालुसहितका हिमशृंखला र प्राकृतिक दृश्यावलोकन गर्न सकिन्छ । पछिल्लो समय धार्मिक दर्शनसँगै पदयात्रा र प्राकृतिक सौन्दर्य अवलोकनका लागि आउने पर्यटकसमेत बढ्न थालेका छन् ।

गुरुङ हत्या आरोपमा दुइजना पक्राउ

ताप्लेजुङ/ ताप्लेजुङको फुङलिङ नगरपालिका-४ क्याम्पस लाइनस्थित मकैबारीमा ५५ वर्षीय सोमराज गुरुङ मृत फेला परेको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

सिदिङवा गाउँपालिका-७ घर भई हाल फुङलिङ-४ मा डेरा गरी बस्दै आएका गुरुङ गत कात्तिक २४ गते राति करिब ११:०० बजे मृत अवस्थामा भेटिएका थिए ।

घटनाको प्रारम्भिक अनुसन्धानका क्रममा संलग्नता देखिएपछि र उनीहरुविरुद्ध ज्यान सम्बन्धी कसुरमा कैटानी जाहेरी दर्खास्त परेपछि प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेहरुमा सिरिजंघा गाउँपालिका-३ बस्ने २६ वर्षीय प्रिती हाङ लिम्बु तथा सिदिङवा गाउँपालिका-७ घर भई हाल फुङलिङ-४ बस्ने ३८ वर्षीया बिना सौदैन गुरुङ रहेका छन् ।

पक्राउ परेका दुवै जनाविरुद्ध मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ (३) बमोजिम ताप्लेजुङ जिल्ला अदालतबाट सात दिनको म्याद थप अनुमति लिएर अनुसन्धान अघि बढाइएको छ ।

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ दूर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 1000 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजाउमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईंटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

रूसमा सैन्य मालवाहक विमान दुर्घटना, १५ जनाको मृत्यु

एजेन्सी/ रूसको साइबेरियास्थित केमेरोभो क्षेत्रमा सैन्य मालवाहक विमान दुर्घटना हुँदा त्यसमा सवार सबै १९ जनाको मृत्यु भएको छ । रूसको रक्षा मन्त्रालयका अनुसार नियमित उडानमा रहेको एएन-१२ विमान सुनसान क्षेत्रमा दुर्घटनाग्रस्त भएको हो ।

बीबीसी उर्दूका अनुसार मन्त्रालयले प्रारम्भिक अनुसन्धानमा विमान दुर्घटनाको सम्भावित कारण प्राविधिक खराबी रहेको जनाएको छ । घटनाबारे रूसी उड्डयन अधिकारीहरूले अनुसन्धान सुरू गरेका छन् । स्थानीय गभर्नर इल्या सेरेद्यूकले विमान यातुनोभो गाउँनजिक दुर्घटनाग्रस्त भएको जानकारी दिएका छन् । उनका अनुसार दुर्घटनास्थलमा लागेको आगो उद्धार टोलीले तत्काल नियन्त्रणमा लिएको थियो । घटनापछि प्रहरीले दुर्घटनास्थल आसपासको क्षेत्र घेराबन्दी गरेको छ । विमान दुर्घटनाको वास्तविक कारणबारे थप अनुसन्धान भइरहेको छ ।

मिक्लाजुङमा २७५ जनाको मोतियाबिन्दुको शल्यक्रिया

मोरङ/ मोरङको उत्तरी क्षेत्र मिक्लाजुङमा सञ्चालन गरिएको निःशुल्क मोतियाबिन्दु शल्यक्रिया शिविरमा ३ हजार ५०० जनाको आँखा परीक्षण गरिएको छ भने २७५ जना मोतियाबिन्दुका बिरामीको सफल शल्यक्रिया गरिएको छ । मिक्लाजुङ गाउँपालिकाको आयोजना, तिलगंगा आँखा अस्पतालको प्राविधिक सहयोग तथा मधुमल्ला अस्पतालको स्थानीय सहजीकरणमा शिविर सञ्चालन गरिएको हो । मिक्लाजुङ गाउँपालिका-२ स्थित मिक्लाजुङ आधारभूत अस्पतालमा कार्तिक २८ गतेदेखि मंसिर १ गतेसम्म शिविर सञ्चालन गरिएको थियो । शिविरमा मिक्लाजुङसहित उत्तरी मोरङका विभिन्न क्षेत्र तथा छिमेकी जिल्ला इलाम र झापाबाट समेत आँखाका बिरामीहरु उपचारका लागि आएका थिए। विशेषगरी आर्थिक अवस्था कमजोर भएका तथा आँखाको उपचारका लागि टाढा जानुपर्ने बाध्यता रहेका नागरिकलाई लक्षित गरी शिविर आयोजना गरिएको गाउँपालिकाले जनाएको छ ।

विश्वप्रसिद्ध नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुइतसँग सम्बन्धित तिलगंगा आँखा अस्पतालको प्राविधिक टोलीले शिविरमा सेवा प्रदान गरेको थियो । शिविरमार्फत सर्यौं नागरिकले आँखाको परीक्षण तथा उपचार सेवा निःशुल्क प्राप्त गरेका छन् ।

मोतियाबिन्दुका कारण लामो समयदेखि दृष्टिसम्बन्धी समस्या भोगिरहेका बिरामीको सफल शल्यक्रियापछि दृष्टि फर्किने आशा पलाएको छ । स्थानीयस्तरमै विशेषज्ञ टोलीबाट गुणस्तरीय उपचार सेवा उपलब्ध भएपछि उत्तरी मोरङसहित छिमेकी जिल्लाका नागरिकसमेत लाभान्वित भएका छन् । ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरिएको शिविरले स्थानीयवासीलाई ठूलो राहत पुऱ्याएको छ ।

ताप्लेजुङमा.....थालिएको हो । यात्थुङ चुम्लुङकी अध्यक्ष हाङमाया लेछर्बालेे भनिन्, 'सरकारले सार्वजनिक बिदा दिने चासोक तङनाम कहिले मंसिर अन्तिममा त कहिले पुसमा पर्ने र त्यतिबेलासम्म अन्नबाली चढाउन ढिलो हुने भएकाले विगत चार वर्षयता मंसिर १ गते नै मनाउन थालेका हौं । लिम्बु समुदायमा पाकेको अन्न प्रकृतिलाई नचढाई खाए अनिष्ट हुन्छ भन्ने मान्यता रहेको हाङमाया बताउँछिन् । 'धेरैले पहिल्यै घरमा न्वागी पूजा गर्ने र औपचारिकताका लागि चासोकमा पनि भेला हुने गर्नुभएको थियो,' उनले थपिन्, 'हामीले चाहिँ मंसिर १ मा अन्न चढाउने उपयुक्त समय हुने भएकाले यही बेला सामूहिक रूपमा मनाऔं भनेर गर्दै आएका छौं ।'

सर्वेश्वरी कृषि सहकारी संस्था लि. दमक-६, झापाको
१०औं वार्षिक साधारणसभा सम्बन्धी सूचना
यस सर्वेश्वरी कृषि सहकारी संस्था लि. को संचालक समितिको मिति २०८३ कार्तिक ३० गते बसेको बैठकको निर्णय अनुसार मिति २०८३ मंसिर @ut]zlg f/sf lbg ; /fSf]दशौं वार्षिक साधारण निम्न मिति, स्थान र समयमा तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरि सम्पन्न गरिने कार्यक्रम रहेकोले संस्थाका सम्पुण शेयर सदस्यहरुलाई गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।
नोट : १. दशौं वार्षिक साधारण सभाको प्रतिवेदन बुझिलिने सदस्यहरुलाई पारवहन खर्चको व्यवस्था गरिएकोछ ।
२. संस्थाको नीति अनुसार कम्तिमा १० कित्ता भन्दा बढि शेयर हुने सदस्यहरुलाई मात्र पारवहन खर्च प्रदान गरिने छ ।
३. संस्थाको बाल बचत कर्ताहरुलाई शैक्षिक सामाग्रि वितरण गरिनेछ ।
४. दशौं वार्षिक साधारण सभाको वार्षिक प्रतिवेदन २०८३ मंसिर २४ र २५ गते संस्थाको कार्यालयबाट वितरण गरिने छ ।
दशौं वार्षिक साधारण सभाको कार्यक्रम तालिका:
• साधारण सभाको समापन कार्यक्रम
• मितिः २०८३ मसिर २६ गते शनिवार ।
• समयः १० बजे देखि ४ बजे सम्म ।
• स्थानः संस्थाको सभाहलमा ।
छलफल तथा निर्णय गरि पारित गरिने प्रस्तावहरु:
१. संचालक समितिको वार्षिक प्रतिवेदन तथा आगामि कार्यक्रम उपर छलफल छथा पारित सम्बन्धमा ।
२. आ.व. २०८२/०८३ को लेखापरिक्षकको प्रतिवेदन माथि छलफल तथा पारित सम्बन्धमा ।
३. आ.व. २०८३/०८४ को लागि लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
४.चालु आ.व. २०८३/०८४ को प्रस्तावित वार्षिक बजेट तथा कार्यक्रम उपर छलफल तथा पारित सम्बन्धमा ।
५. गत आ.व.मा संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
६. शेयर लाभांश, संरक्षित पूंजी फिर्ता कोष र कर्मचारी बोनस वितरण सम्बन्धमा ।
७. विनियम संशोधन, कार्यविधिहरु संशोधन, निर्माण तथा पारित सम्बन्धमा ।
८.संस्थाको संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
सर्वेश्वरी कृषि सहकारी संस्था लि.
दमक-६, झापा

मुकुल ढकालसँग बिहे गर्दै रास्वपा सांसद निशा डाँगी



दमक/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का संस्थापक महामन्त्री एवं प्रवक्ता डा. मुकुल ढकाल र रास्वपा सहमहामन्त्री एवं प्रतिनिधिसभा सदस्य निशा डाँगीबीच बिहे हुने भएको छ । मंसिर १० गते ढकाल र डाँगीको बिहे हुन लागेको हो । उनीहरु दुवैले बिहे गर्न लागेकोबारे सामाजिक सञ्जालमार्फत जानकारी गराएका छन् । ढकाल विराटनगर निवासी हुन भने डाँगी झापा एककी सांसद हुन् । ढकाल हाल राजनीतिमा सक्रिय छैनन् ।

डाँगी रास्वपाको पहिलो महाधिवेशनबाट सहमहामन्त्रीमा निर्वाचित भएकी हुन् । गत निर्वाचनमा डाँगी झापा-१ बाट निर्वाचित भएकी थिइन् ।

सात.....मूल्यअनुसार उचित मुआब्जा दिनुपर्छ । मुआब्जा नदिने हो भने सात वर्षसम्म जग्गा रोक्का राखेबापत क्षतिपूर्तिसहित फुकुवा गर्नुपर्छ ।' रेल्वे प्रभावित तथा मुआब्जा निर्धारण समन्वय समिति कोशीका अध्यक्ष डा. लक्ष्मी मैनालीले प्रभावित परिवारको घरजग्गाको मुआब्जा चलनचल्तीको मूल्यका आधारमा तत्काल निर्धारण गरी वितरण गर्न सरकारसँग आग्रह गरे ।

२०७७ मा सरकारले पूर्व-पश्चिम विद्युतीय रेलमार्गको योजना अघि बढाए पनि हालसम्म निर्माण कार्य सुरू नभएको भन्दै प्रभावितहरु अन्योलमा छन् । लामो समयसम्म घरजग्गा रोक्का हुँदा दैनिक व्यवहारसमेत प्रभावित भएको र आफ्ने सम्पत्तिमा बन्धकसरहको अवस्था सिर्जना भएको मैनालीले बताए ।

पौडेलले...सामग्री हस्तान्तरण गरेका हुन् । जन्मदिनमा गरिने फजुल खर्चलाई निरुत्साहित गर्न व्यक्तिगत खुसीलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै अभावमा रहेका परिवारलाई थोरै भए पनि राहत पुऱ्याउने उद्देश्यले सहयोग गरिएको पौडेलले बताए ।

बराह...नागरिकको पीडालाई न्याय दिन खोजीलाई तीव्र पारि एको उनले बताए । उनले ५ अर्ब ८८ करोडभन्दा बढीको बिगो हिनामिनाका मुख्य योजनाकारलाई कानुनी कठघरामा उभ्याउन सफल भएका र क्रमबद्ध रूपमा अब बाँकी दोषीहरूलाई खोजी तथा कारबाहीको प्रक्रिया तीव्र बनाउने दावी गरेका छन् ।

बराह बचत तथा ऋण सहकारी संस्थाका सञ्चालकले धरान सहित देशभरका चार हजार ७७२ जना भन्दा बढीको १० अर्ब ७३ करोड भन्दा बढी रूपैयाँ हिनामिना गरेको आरोप छ ।

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/ ९८२४९७९१८५)
बितौनीमा:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

हिमालयन बैक लिमिटेडको धितोमा रहेको चल अचल सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना
तपसिलमा उल्लेखित ऋणीले यस बैंकको दमक शाखा, झापाबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य बैंकस्तुर आदि चुक्ता भुक्तान गर्न पटक-पटक मौखिक तथा लिखित तरंतकोता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सूचित गर्दा समेत ऋण चुक्ता गर्न नचाउनु गएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तसलिस बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परि माणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिन्छ । साथै ऋणी, व्यक्ति, फर्म, कम्पनी, सीका प्रोप्राइटर, संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवं सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ । प्रकाशित सूचनाको म्यादभित्र ऋणी, व्यक्ति, फर्म, सीका प्रोप्राइटर, कंपनी, सीका संचालक, व्यक्तिगत तथा संस्थागत जगानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलागीको प्रक्रिया अगाडि बढाइनेछ । बोलपत्र खोलिने दिन ऋणी, बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिकीको पक्रया अगाडि बढाउन कुने बाधा पर्ने छैन । साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैंकले धितोको सम्पत्ति गैर बैंकिङ्दा सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्दा सम्पत्तिको रुपमा सकार गई वा नगई बैंकको लेना रकम असुल उपर हुन नसकें बाँकी रहेको रकम बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७४, बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०४८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारवाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सूचित गरिन्छ ।
तपशिल

ऋणीको नाम	धितो विवरण
कम्पनी रजिष्ट्राको कार्यालयमा दर्ता नं. ४२०३१/०६३ ६४ कायम भइ मिति २०६३।०७।०१ मा दर्ता भएको ऋणि अम्बिका ट्रेडिङ्ग कम्पनी प्रा.लि. (ऋणी) संचालक तथा व्यक्तिगत जमानी दिने: सुनिता आचार्य र भीमबाबु भट्टराई व्यक्तिगत जमानी दिने: जीवन न्यौपाने र दुर्गा ढुंगेल यस अघि प्रकाशित सूचना: मिति २०८२।१०।१३ गतेको कारोबार साप्ताहिक दैनिकमा प्रकाशित ३५ दिने सूचना । मिति २०८३।०१।१५ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिकीको सूचना । मिति २०८३।०४।०८ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।	१. पदमलाल न्यौपानेको नाति ऋणि राज न्यौपानेको छोरा झापा जिल्ला तोपगाछी गा.वि.स वडा नं. ९ (हाल परिवर्तित दमक न.पा. वडा नं. ८) यस्ने जीवन न्यौपानेको नाममा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १३ (हाल परिवर्तित दमक न.पा. वडा नं. ८) सिट नं. १७९००१६१८ स्थित कित्ता नं. ६२, ६३ र ६४ को क्षेत्रफल कायः ४४३.३०, ७७४.८० र ४१८.०० वर्ग गिटरको घर/जग्गा सोहत । २. ऋणि राम न्यौपानेको बुहारी दुर्गा प्रसाद आचार्यको छोरी जीवन न्यौपानेको पत्नी झापा जिल्ला धरमपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल दमक न.पा. वडा नं. ८ यस्ने सुनिता आचार्यको नाममा दर्ता कायम रहेको झापा जिल्ला दमक गा.वि.स. वडा नं. ५ (हाल परिवर्तित दमक न.पा. वडा नं. १५) स्थित कित्ता नं. १२७२९ को क्षेत्रफल ०-५-०-० (विघा) जग्गा समेत ।

बोलपत्रका शर्तहरु :
१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र रु १,००० तिरी खरिद गरी दिन सकिनेछ ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	बोलपत्र पेश गर्ने स्थान	बोलपत्र खोलिने स्थान
२०८३/०८/१७ कार्यालय समय सम्म	२०८३/०८/२२ अपरान्ह २:०० बजे	यस बैंकको कुनै पनि शाखा, कार्यालय	सान्चित शाखा, कार्यालय

HBL Himalayan Bank Ltd.
हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६५१५०, पो.ब.नं. २०५५० काठमाडौं

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com